युवा र राजनीति

✍. सानित्य पाण्डे
कक्षा : १० 'ग'

युवा भनेको आजको वर्तमान र भोलिको भविष्य हो । युवा देशको अभिन्न अङ्ग हो । राजनीतिक शब्दलाई अङ्ग्रेजीमा पोलिटिक्स भनिन्छ । राजनीति भनेको देश चलाउने एक मुख्य संयन्त्र हो । युवाले देशमा राज गर्नुपर्छ । युवाले देशलाई उन्नति र प्रगतिको शिखरमा पुऱ्याउँछ । युवा र राजनीति एउटै सिक्काका दुई पाटा हुन् । युवाको सोच, निर्णय र योजना अनुरूप नै राजनीति गतिशील हुन सक्छ । नेपाल एक खुसियाली देशमध्ये ८२ औँ स्थानमा आउँछ र मानव विकास सूचकाङ्कमा १४२ औँ स्थानमा आउँछ । हैन नेपाल यति पछाडि किन ? के नेपालमा विकास हुन सक्दैन ? हाम्रा पुर्खाहरूले गरेको योगदान र बगाएको रगत र पसिना खेर फाल्ने होइन । राजनीतिक अस्थिरता देशको एक मुख्य कारण जसले गर्दा देश पछि परेको छ । नेपालमा जति पनि आन्दोलन भएका छन् ती सबैमा युवाकै योगदान रहेको छ । यी वृद्ध व्यक्तिहरूलाई देश चलाउन दियो भने देशको परिस्थितिमा खासै परिवर्तन आउँदैन । नेपालका बढीभन्दा बढी युवाहरू बिदेसिइरहेको छन् । अब सबै युवा देश छोडेर बाहिर गए भने देश के हामी बच्चा र बुढा पाकाले चलाउने हो ? युवाहरूले सोच बदल्न जरुरी छ ।

युवाहरूलाई राजनीतिमा लाग्न कुनै पनि प्रोत्साहन गर्ने व्यक्ति र वातावरण छैन । देशमा अहिले पनि गरिबी र बेरोजगारी छ । पहिलाका मान्छेहरूले आफ्नो बच्चालाई आशीर्वाद दिँदा "बाबु ! नेता बन्नू भन्थे" तर अहिले भने मानिसले बाबु डाक्टर बन्नू, पाइलट बन्नू तर नेताचाहिँ नबन्नू भन्छन् । युवाहरू नै देशका भविष्य हुन् । नेपाली छोरी निर्मला पन्तले अहिलेसम्म न्याय पाएकी छैनन् । हामी नेपालीहरूलाई राजनीति भनेको भ्रष्टाचार गर्ने काम जस्तो लाग्छ, आफ्नो बैङ्क अकाउन्टमा बढीभन्दा बढी पैसा राख्ने आधार जस्तो लाग्छ । देशमा आयातभन्दा बढी निर्यात भएको छैन । बालेन शाह, एक उज्ज्वल भविष्यको किरण हुन् । बालेन शाहले काठमाडौँको मेयरको पदको निर्वाचनमा ठुलो मतले जितेका थिए भन्नाले हामीले यो बुझ्न सक्छौँ कि राम्रो नेतालाई जनताले पनि साथ दिन्छन् । बालेनले काठमाडौँमा जबरजस्ती सरकारी जग्गा लिएका मानिसहरूलाई सजाय पनि दिए । काठमाडौँ महानगरपालिकामा महत्त्वपूर्ण कामहरू गरिरहेका छन् । नेपाल एक भ्रष्टाचारहित देश बनाउन नयाँ सोच र योजना युवाले दिन सक्छन् भन्ने कुरा उनको क्रियाकलापले देखाउँछ ।

७० वर्षका भक्ति थापाले नेपालको हितको लागि युद्धमा लडे तर अहिलेका नेताहरू भने आफ्नो गोजी भर्दै छन् । युवाहरूलाई देशको स्थिति सोध्यो भने देशमा राम्रा नेता नै छैनन् तर आफ्नो देश जति नराम्रो भए पनि देशभक्तिको भाव यो मुटुबाट हराउनु हुँदैन । देशको अस्तित्वको संरक्षण गर्ने मुख्य कार्य हो । यहाँ उद्योगहरू बने पनि बन्द हुन्छ । राजनीति भनेको नीतिको पनि नीति हो । अब उपयुक्त समय आइसकेको छ जब कि युवाहरू राजनीतिमा उठ्नुपर्छ । पारदर्शिता देखाई देशको भलाइको निम्ति हरेक व्यक्तिले न्याय पाउनुपर्छ । कतिका बुबा मरे, कतिका आमा मरे, कतिका छोरा मरे त्यो बेला केही पनि गरिँदैन तर नेतालाई सामान्य ज्वरो आयो भने पनि राष्ट्रको ढुकुटी स्वाहा हुन्छ । नेपालको शिक्षा प्रणाली व्यावहारिक छैन । नेपालमा पढ्न नरुचाएर युवाहरू विदेशी मुलुक जान्छन् ।

राजनीतिक क्रियाकलापले देशको सुन्दर चित्र निर्माण गर्छ । आजकाल अस्पतालहरूमा पनि भ्रष्टाचार हुन्छ । पैसा लिएर पनि राम्रो उपचार हुँदैन । अन्य धेरै क्षेत्रहरूमा भ्रष्टाचार हुन्छ । युवाले देशको रोजगारी सृजना,

उद्योग स्थापना जस्ता कार्यहरू गर्न सक्छन् । युवाहरूले जनताको माग बुझ्नुपर्छ । युवाहरूको सोचमा देशभक्तिको भावना हुनुपर्छ । हाम्रो देशमा राम्रो काम गर्ने युवाहरूलाई प्रोत्साहन गर्नुपर्छ । देशमा भएको महिला हिंसा, भ्रष्टाचारलाई पूर्ण रूपले रोक्नुपर्छ । खेलकुदमा नेपाललाई अगि बढ्ने मौका दिनुपर्छ । युवाहरू नेता बनेर आफ्ना योजनाहरूलाई बिर्सनुहुँदैन । उद्योगहरूको स्थापना गर्नुपर्छ र निर्यात बढाउनुपर्छ । कलाकारहरूको कलाको इज्जत गरी अन्तर्राष्ट्रिय स्तरमा लिएर जान सक्नुपर्छ । बाटाघाटा पनि बनाउनुपर्छ । कसैले नराम्रो काम गरेमा अनुगमन गर्नुपर्छ । युवाले आफ्नो उमेरका व्यक्तिहरूलाई रोजगारको मौका दिनुपर्छ । गाउँघरमा स्वास्थ्य क्षेत्रको विकास गर्नुपर्छ । गाउँघरमा यातायातको विकास गर्नुपर्छ । शिक्षा सबैलाई प्रदान गर्नुपर्छ । हामीले तिरेको करले देश विकास भएको खोइ त ? निर्दोषहरूले न्याय पाउनुपर्छ, नेपालमा जन चेतनामा विशेष जोड दिनुपर्छ ।

देशको अर्थव्यवस्थाको निम्ति योजनाका कार्यहरू गर्नुपर्छ । युवा विदेश पलायन हुनुहुँदैन । नेपालको अर्थव्यवस्थालाई सुदृढ बनाउन युवाहरूलाई विभिन्न क्षेत्रमा काम गर्ने अवसर प्रदान गर्नुपर्छ । पर्यटन व्यवसायलाई सुदृढ बनाई यहाँका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्न सके देश विकसित हुन सक्छ । कृषिप्रधान देश नेपालमा कृषि गर्ने प्रविधि र अत्याधुनिक यन्त्रहरूको प्रयोग गर्नुपर्छ । नेपालमा युवाहरू नेता भएपछि देशको मुहार फेरिने छ । खुल्ला सिमाना भएर भइरहेको कालो धन्दा बन्द गर्नुपर्छ । नेपालमा भएको जलस्रोतको उपयोग गरी बिजुली उत्पादन गरी बढी देशहरूमा बेच्नुपर्छ । आयुर्वेदिक जडीबुटीहरूलाई निर्यात गर्नुपर्छ ।

अन्ततः नेपालमा युवाहरूको राजनीतिक भूमिका महत्त्वपूर्ण छ । भ्रष्टाचार बन्द गरौँ र देशमा उत्पादनमा वृद्धि ल्याऔँ । जनताहरूले युवालाई नै निर्वाचित गर्नुपर्छ । नीति र नियमको कार्यान्वयन गर्नुपर्छ । आर्थिक वृद्धि गरी देशमा सुशासन कायम गर्नुपर्छ । युवाहरू देशबाट पलायन हुने होइन, कुलतमा पनि लाग्नु हुँदैन, देशको माटोलाई माया गर्नुपर्छ । युवाले जोस जाँगर, उत्साह, योजना र विचारलाई केन्द्रमा राखी राष्ट्रनिर्माणमा लागे हाम्रो देश विश्वको सम्पन्न मुलुक बन्न समय लाग्दैन । जय देश ! जय युवा !

❑❑❑

प्राविधिक शिक्षा : आजको आवश्यकता

✍. आर्या हमाल
कक्षा : ८ 'क'

किताबका सूत्र रटेर मात्र जीवनमा के गर्नु छ र ?
इच्छाबिनाको शिक्षाको गन्तव्य आखिर कहाँसम्म पो होला र?

मानिस चेतनशील र अध्ययनशील प्राणी हो । ऊ कोक्रोदेखि चिहानसम्म विभिन्न माध्यमबाट अनगिन्ती कुरा सिक्छ । शिक्षाबिनाको संसार अकल्पनीय र अपूर्ण छ । निःसन्देह यो विज्ञान र प्रविधिको युगमा ती चार पर्खाल कक्षाकोठाभित्रका ती पुस्तकका सीमित सूत्रमा मात्र आफ्नो ज्ञान सीमित राखे त्यस असीमित नवीन आविष्कार र प्रयोगात्मक अनुभवको क्षितिज फराकिलो पार्न सकिँदैन । एक्काइसौँ शताब्दीका विज्ञान र प्रविधिका माध्यमबाट मानवीय आवश्यकता पूरा गर्न प्राविधिक शिक्षा नै चाहिन्छ । त्यसैले प्राविधिक शिक्षा हो-आजको आवश्यकता ।

विद्यार्थी होस्, वा वृद्ध, बालक होस्, वा युवक जोकोहीलाई पनि आधुनिक उपकरणको प्रयोगात्मक र रचनात्मक कार्यमा संलग्न गराई प्रदान गरिने शिक्षा नै प्राविधिक शिक्षा हो । हाम्रो परम्परागत, बुर्जुवा, अनुत्पादनशील सैद्धान्तिक शिक्षाभन्दा भिन्न विज्ञान र प्रविधिको माध्यमबाट विभिन्न सिप र तालिम प्रदान गर्ने रोजगारीमूलक शिक्षाको रूपमा चिनिन्छ । व्यक्तिको आत्मनिर्भरता र देशको परिवर्तन जस्ता विषयमा यसले महत्त्वपूर्ण भूमिका खेल्छ । हाम्रो सैद्धान्तिक शिक्षाको साँधुरो क्षेत्रलाई यसले विस्तृत गर्न सहयोग गर्दै छ । यसले भूगोल, चिकित्सा, इन्जिनियरिङ, जीवन विज्ञानजस्ता विषयहरू समेटेको छ ।

पहिलेको गुरुकुल शिक्षामा हामीले आफ्नो जीवन धान्ने विषयवस्तुलाई मुख्य दायरामा राखेर पढ्न पाउँथ्यौँ तर अहिले ती निर्जीव भित्तामा झुन्ड्याइएका दक्षताबिनाका प्रमाणपत्रलाई हामी शिक्षा कहलाउँछौँ । गुरुकूल शिक्षामा शिक्षार्थीहरू व्यावहारिक र व्यावसायिक विषयको अध्ययन गर्न उत्साहित हुन्थे तर आजकल घन्टौँसम्म त्यही पुस्तक, सूत्र र किताबका पाना रहँदारहँदै तनावयुक्त र अनुत्पादनशील नाम, समय बिताउँदै छन् । यस्तो तालले न त सिर्जनाशक्तिको विकास हुन्छ न त अर्को अल्बर्ट आइनस्टाइनको । त्यसैले प्राविधिक शिक्षा हो, आजको आवश्यकता ।
अरू विकसित देशहरूमा ७० प्रतिशत प्राविधिक शिक्षा र ३० प्रतिशत सैद्धान्तिक शिक्षाको व्यवस्था गरिन्छ तर नेपालमा चाहिँ ठिक यसको उल्टो हुन्छ । यसैका कारण बस् आज स्नातक पास गरेका १९.२ प्रतिशत जनशक्ति बेरोजगार छन् । यसले गर्दा परिनिर्भरताको लहरले यस देशमा कहर ल्याउँदै छ । बेरोजगारको सङ्ख्या बढ्दै गर्दा, लागुऔषध, चोरी र आतङ्कजस्ता समस्या बढिरहेका छन् । यस कुरामा अब सबैको ध्यान जानु आवश्यक छ । नेपाल सरकारले एस.इ.इ. पास गरेका व्यक्तिहरूलाई प्राविधिक शिक्षाको तालिम दिन जरूरी छ । अझ विद्यालयमा माध्यमिक तहदेखि नै प्राविधिक शिक्षाको व्यवस्था गरे अझै राम्रो हुन्छ । नेपाल व्यावसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद् (CTEVT) ले सिलाइबुनाइ, कम्प्युटर मर्मत, कपाल काट्ने सिपजस्ता विविध तालिम प्रदान गरिरहेको छ । यसका कारण लगभग १५ देखि २० हजार मानिसले रोजगारी पाएका छन् । यस्ता संस्थाको अझै विकास विस्तार र पहुँच सम्पूर्ण जनमानसमा पुऱ्याउने कार्यमा सरकारको निरन्तरता अपरिहार्य छ ।

नेपाल कृषिप्रधान देश हो । यहाँका ६०% प्रतिशत मानिस जीवन निर्वाहका लागि कृषि कार्यमा आधारित छन्, नेपालमा कृषिमा भने व्यावसायीकरण भएको तथ्याङ्क हामीले कम नै देख्छौँ । त्यसैले परम्परागत पद्धतिको माध्यमबाट गरिने कृषि प्रणालीलाई व्यावसायीकरण गर्न आवश्यक छ । कृषि कार्यमा आधुनिक औजारको प्रयोग गरी बिउबिजन तथा अनुसन्धानमा ध्यान दिए कृषि क्षेत्रले राम्रो उत्पादन गर्न सक्छ ।

यसबाट लाखौँ रुपियाँ बराबरका दिनहुँ आयात हुने खाद्यान्न रोक्न सकिन्छ । यसले गर्दा नागरिक आत्मनिर्भर भई देशले आर्थिक समृद्धि हासिल गर्न सक्छ ।

गगनमा चरालाई देखेर हेलिकप्टर बनाउने सामर्थ्य मानिसलाई प्राविधिक शिक्षाले नै दिइएको थियो । आज यस विश्वमा हुने प्रविधिका हरेक पूर्वाधार, विकासका प्रत्येक चरण चाल्न प्राविधिक शिक्षाकै आवश्यकता देखिन्छ, हाम्रो देशमा तर दुःखका साथ भन्नुपर्छ कि प्राविधिक शिक्षाका अभावले हाम्रो देशको विकासमा अवरोध ल्याएको छ । नेपाल संसारमा जलस्रोतको दोस्रो धनी देशमा पर्छ । यहाँका ६००० नदीनालाले ८३,००० मेघावाट बिजुली उत्पादन गर्ने सम्भावना देखिन्छ तर प्रविधि र अनुसन्धानका कमीले गर्दा केवल २२०५ मेघावाट मात्र निकालिएको तथ्याङ्कले हाम्रो देशमा प्राविधिक शिक्षाका कमीका कारण विकास कार्यमा असहजता भएको आफ्ना आँखाले छर्लङ्ग देख्न सक्छौँ ।

प्राविधिक शिक्षा हाम्रा लागि दिनचर्यादेखि राष्ट्र र विश्व स्तरसम्म महत्त्व राख्ने, विकासको रथ हाक्ने सारथी बनेको छ । यसका कारण हामी केवल कम्प्युटरबारे शिक्षा मात्र हासिल गर्दैनौँ तर कम्प्युटर बिग्रँदा यसको मर्मत गर्नसमेत जानेका हुन्छौँ । यसले शिक्षा कार्यलाई रोमाञ्चक र उत्पादनशील बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । नेपाल प्राकृतिक सम्पदामा धनी देश भए तापनि प्राविधिक शिक्षाको कमीले त्यसको अधिकतम् उपयोग गर्न सकेका छैनौँ त्यसले नेपालको शिक्षा प्रणाली परिमार्जन गरी विद्यार्थीलाई आफ्नो रुचिअनुसारको विषयमा वास्तविक दक्षता हासिल गराउनु पर्छ । आजको शिक्षाले हामीलाई चतुर बनाएको छ तर चिन्तनशील बनाएको छैन । त्यसैले सरकारले यस कुरालाई महत्त्व दिई नीति नियमहरूमा केही फेरबदल गर्नुपर्छ । शिक्षा प्रणालीमा प्राविधिक शिक्षालाई अझ बढवा दिनुपर्छ । कक्षामा शिक्षकले घोकाएर होइन बुझाएर पढाउने बानीको विकास गराउनुपर्छ । अभिभावकले विद्यार्थीलाई विविध क्रियाकलापमा सहभागी हुन उत्प्रेरित गराउनु पर्छ ।

६ महिनादेखि १ बर्से तालिममा सहभागी भई दक्ष र सक्षम भएपछि स्वावलम्बी भई रोजगार प्राप्त गर्न सकिन्छ । हातमा सीप, मस्तिष्कमा चाहना र शरीरमा जाँगर भएका व्यक्तिलाई कहिल्यै कतै पनि रोजगारको खाँचो पर्दैन । प्राविधिक शिक्षाको महत्त्वलाई हामी कदापि अस्वीकार गर्न सक्दैनौँ । विश्वका हरेक चिरपरिचित आविष्कारदेखि हरेक गल्ली गल्लीका सानातिना व्यापारव्यवसाय होस्, प्रत्येक प्रविधि, प्रत्येक विकास, प्रत्येक मानवीय गौरवका अनुसन्धान, प्रत्येक कार्य सम्भव छ केवल प्राविधिक शिक्षाका कारण मात्र । सायद मानव जीवनको अस्तित्व नै योबिना रहन सक्दैन । यो मानवको तेस्रो आँखा हो किनकि यसले नयाँ दुनियाँ देखाउँछ हामीलाई । वर्तमान मात्र नभई भविष्यको आधार पनि निर्माण गर्छ ।

प्राविधिक शिक्षा हाम्रा जीवनयापनका लागि अपरिहार्य भएकाले विश्व, सरकार र समाज सबैले यसको प्रावधानमा निरन्तरता दिनुपर्छ । यसरी प्राविधिक शिक्षा हो हामी सबैको आवश्यकता, जीवनयापनका लागि, सफलता चुम्नका लागि र विश्व परिवर्तनका लागि ।

धन्यवाद !

❑❑❑

समयको महत्त्व

✍. श्रेयास गुरुङ
कक्षा : ६ 'ग'

कुनै पनि अवसर वा बेलालाई समय भनिने गरिन्छ । समयको उपयोगिता मानवले बुझ्न सक्नु पर्दछ । मान्छेलाई कहिले साथ नदिएको कुरा, समय बिताउन मुस्किल परेको कुरा, समय नपुगेको कुरा सुनिने गरिन्छ । समय निरन्तर बितिरहेको हुन्छ । गुनासाहरू उब्जिन्छन् । समय खोलामा बगेको पानी जस्तै हो । समय आउँछ, जान्छ तर कसैलाई पर्खेर बस्दैन ।

मानव जीवनमा नै समय बढी महत्त्वपूर्ण हुन्छ । त्यसैले समयको सदुपयोग कुन किसिमले गर्नु पर्छ भन्ने कुरा मानिसले राम्ररी बुझ्नुपर्छ । विद्यार्थी जीवनमा शिक्षा आर्जन नगरी खेलवाडमा समय बिताउने व्यक्तिहरू पछि पछुताउने छन् । त्यसैले हरेक क्षणको आफ्नै महत्त्व रहेको हुन्छ । हरेक व्यवसायमा लाग्ने व्यक्तिहरूको जीवनमा समयको अति महत्त्व हुने गर्दछ । समयको महत्त्व बुझ्ने व्यक्तिहरूले समयलाई व्यर्थमा फाल्ने गर्दैनन् । सबैको आ-आफ्नो क्षेत्र हुन्छ । विद्यार्थी समयमा विद्यालय जानु, अध्ययन गर्नु नै उचित समयको सदुपयोग गर्नु हो ।

संसारका महान् महापुरूषहरू समयको सदुपयोग गरेर नै महान् बनेका हुन् । कोही एक क्षेत्रमा गरेको राम्रो कार्यले कुनै पनि व्यक्ति विश्व प्रसिद्ध बन्न सक्दछ । यी सब कुरा थाहा पाउँदा पाउँदै हामीले समयको महत्त्वपूर्ण क्षणहरूलाई त्यसै खेर फालिरहेका हुन्छौँ । काम नगरी समय बिताइरहेका हुन्छौँ । काम नगरी समय बिताउनु हाम्रो अज्ञानता हो । हामी समयलाई चिनेर काम गर्नु पर्दछ । बगेको नदी र बितेको समय जीवनमा कहिल्यै फर्केर आउँदैन । त्यसैले हामीले हाम्रो जीवन सुन्दर र सार्थक तुल्याउन समयलाई चिनेर समयसँगै अगाडि बढ्नु पर्दछ । यसैमा सबैको भलो हुन्छ ।

धन्यवाद !

❑❑❑

समयको महत्त्व

✍. प्रबिसा सुवेदी
कक्षा : ५ 'ख'

समय भनेको काल बेला र क्षण हो । समय हाम्रो जीवनमा निकै महत्त्वपूर्ण छ । जो मानिसले समयको पालना गर्दैन, त्यसले जीवनमा केही पनि गर्न सक्दैन । हामी सबैले समयको पालना गर्नुपर्छ ।

मानिसले बिहान सूर्योदय भएपछि आफ्ना क्रियाकलापहरू गर्न थाल्छ । किसान खेतबारीमा काम गर्नको लागि त्यही समयमा जान्छ । यात्री गन्तव्यमा पुग्नका लागि समयमै यात्रा सुरु गर्छ । विद्यार्थी अध्ययन गर्नका लागि समयमै विद्यालय पुग्छ । गुरुहरू आफ्ना विद्यार्थीलाई पढाउनको लागि समयमै विद्यालय पुग्नु हुन्छ । सबै पेसा भएका मानिसहरूले समयको पालना गर्छन् । साना, ठुला र बुढापाका सबैले समयको पालना गर्छन् ।

समय निकै शक्तिशाली र मूल्यवान् हुन्छ । समय धनभन्दा पनि मूल्यवान् हुन्छ किनभने यदि धन खर्च भयो भने त्यसलाई फेरि आर्जन गर्न सकिन्छ तर जुन समय हामीले धन खर्च गर्नमा खेर फाल्यौँ त्यो समय कहिल्यै पनि फर्केर आउँदैन । तसर्थ हामीले कहिल्यै पनि समय खेर फाल्नु हुँदैन । एउटा सानो बालक जन्म, जन्मबाट युवा, युवाबाट वृद्ध र वृद्धबाट मृत्युको समयमा पुग्छ । जुन जन्मदेखि मृत्युसम्मको समय हुन्छ त्यसमा हामीले राम्रा क्रियाकलापहरू गर्नुपर्ने हुन्छ ।

समय कहिले कठिन आउँछ त कहिले सजिलो । हामी कठिन समयमा आत्तिनु हुँदैन र सजिलो समयमा मात्तिनु हुँदैन । हामीले समय कहिल्यै पनि खेर फाल्नु हुँदैन । हामीले समय खेर फाल्यौँ भने पछि गएर दुःख पाउँछौँ । समय हाम्रो जीवनको सबैभन्दा महत्त्वपूर्ण चिज हो ।

भन्छन् बगेको खोला र गएको समय कहिल्यै फिर्ता आउँदैन । त्यसैले हामी नचाहिँदो कार्यहरूमा आफ्नो मूल्यवान् समय खेर फाल्नु हुँदैन । जुन जुन बालबालिकाहरूलाई समयको महत्त्व थाहा हुन्छ तिनीहरू भविष्यमा डाक्टर, पाइलट, शिक्षक आदि बन्छन् ।

❑❑❑

मेरो विद्यालय

✍. आर्यन गुरुङ
कक्षा : ३ 'ख'

विद्यालय भनेको विद्या आर्जन गर्ने स्थान हो । विद्यालयलाई स्कुल वा पाठशाला पनि भनिन्छ । विद्यालय ज्ञानको मन्दिर हो । जहाँ हामी ज्ञानको ज्योति प्राप्त गर्दछौँ । सबै बालबालिकाहरू शिक्षा प्राप्त गर्न विद्यालय जान्छन् । म पनि नयाँनयाँ ज्ञान लिन विद्यालय जान्छु ।

मेरो विद्यालयको नाम ग्लोबल कलिजियट माध्यमिक विद्यालय हो । यो पोखरा-१२ रानीपौवामा पर्छ । यो वि.सं. २०५२ सालमा स्थापना भएको हो । मेरो विद्यालय धेरै ठुलो छ । यहाँ कक्षा नर्सरीदेखि कक्षा १२ सम्म पढाइ हुन्छ । यहाँ फूलबारी, बगैँचा, खेलमैदान, खाजा खाने ठाउँ, पुस्तकालय र विज्ञान प्रयोगशाला जस्ता ठाउँहरू छन् । यहाँ धेरै कक्षाकोठाहरू छन् । जुन शैक्षिक सामग्रीहरूले सिँगारिएका छन् । कक्षामा राखिएका डेक्स, बेन्च र बोर्डहरू पनि धेरै राम्रा छन् । कक्षामा डस्टविन पनि राखिएको छ । शौचालयको राम्रो व्यवस्था छ । त्यसैले मेरो विद्यालय सफा र स्वच्छ छ । मेरो विद्यालयमा बस, सफा खानेपानी, स्वस्थ, ताजा खाजा र प्राथमिक स्वास्थ्य उपचारको सुविधा पनि छ । यहाँको खेलमैदानमा फुटबल, भलिबल, बास्केटबल र ब्याडमिन्टन पनि खेलिन्छ । यहाँ विद्यार्थीहरूको प्रतिभालाई ख्याल गरेर विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरू पनि गरिन्छ र प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई पुरस्कार पनि दिने चलन छ । यहाँ लगभग ५० जना शिक्षक हुनुहुन्छ । उहाँहरूले हामीलाई महान्, ज्ञानी र असल मानिस बनाउन शिक्षा दिनुहुन्छ । मेरो विद्यालयमा १२०० भन्दा बढी विद्यार्थीहरू छन् ।

मेरो विद्यालय पोखराको नामी विद्यालय हो । म र मेरा बुबाआमा मेरो विद्यालय देखेर धेरै खुसी छौँ । म विद्यालयलाई असाध्यै माया गर्छु । मलाई ग्लोबल कलिजियट विद्यालयमा पढ्न पाउँदा गर्व लाग्छ ।

❑❑❑

मेरो विद्यालय

✍. दिप्सन पौडेल
कक्षा : ४ 'क'

विद्यार्थीहरूले पढ्ने र शिक्षकले पढाउने ठाउँलाई विद्यालय भनिन्छ । विद्यालयलाई ज्ञानको मन्दिर पनि भनिन्छ । यो एउटा पवित्र ठाउँ हो । जहाँ विद्यार्थीहरूलाई शिक्षा हासिल गराउन र पढाइसँग खेलकुदको पनि महत्त्व हुन्छ भन्ने कुराको ज्ञान दिन पनि विद्यालयमा पठाइन्छ ।

मेरो विद्यालयको नाम ग्लोबल कलिजियट स्कुल हो । यो वि.सं. २०५२ सालमा बनाइएको हो । यस विद्यालयका प्राचार्य बाबुराम पन्त हुनुहुन्छ । यस विद्यालयमा ६ वटा भवन छन् र पाँच तल्ला भएको ठुलो भवन रहेको छ । हाम्रो कक्षाकोठाचाहिँ तल्लो भागमा रहेको छ । मेरो विद्यालयमा खाजा खाने, नाचगान गर्ने, सफा पानी खान पाइने र विद्यालयका कार्यक्रमहरू सञ्चालन गर्नका लागि कार्यालय हल आदिको सुविधा रहेको छ । यहाँ हाम्रो शिक्षा कति रहेछ भनेर हेर्नका लागि विभिन्न प्रतियोगिताहरू सञ्चालन गरिन्छ । हाम्रो शारीरिक विकासका लागि खेलकुदको पिरियड राखिएको छ । मेरो विद्यालयले हामीलाई बाहिरी वातावरणको पनि ज्ञान होस् भनेर कहिलेकाहीँ हामीलाई विद्यालयको बाहिर घुम्न लिएर जान्छन् । हामीले वृद्धाश्रममा गएर सहयोग गर्न पनि पाइन्छ । यहाँ १५०० भन्दा बढी विद्यार्थीहरू र ६० जना शिक्षकहरू रहेका छन् । हाम्रो विद्यालयमा कक्षा एकदेखि बाह्रसम्म पढाइ हुन्छ । यहाँ आठवटा बसहरू छन् जसले विद्यार्थीहरूलाई आफ्नो घरसम्म पुऱ्याइदिन्छन् । यहाँ सुन्दर बगैंचा छ जहाँबाट सुन्दर र मिठो वास आउँछन् । सबैभन्दा माथि हाम्रो पुस्तकालय रहेको छ । यहाँ दुई वटा ठाउँ खेल्नका लागि छन् । हाम्रा कक्षाकोठा दुलही जस्तै राम्रा र सफा छन् । यहाँ विद्यार्थीहरू अनुशासनमा नभईकन शिक्षा राम्रो हुन्न भनेर अनुशासनमा रहन पनि सिकाउँछन् । हाम्रा शिक्षकहरूले हामीलाई माया गर्नुहुन्छ । शिक्षकहरूले हामीलाई धेरै माया गर्नुहुन्छ र हामीले अनुशासनमा रहेर शिक्षकले भनेको मान्नुपर्छ । मलाई मेरो विद्यालयको माया लाग्छ र म यस्तो स्कुलमा पढ्न पाएर धेरै भाग्यमानी भन्ठान्छु । हामी सबैले आफ्नो विद्यालय जस्तो भए पनि सधैँ शिक्षकहरूले भनेको मान्नुपर्छ ।

❑❑❑

जलवायु परिवर्तन : साझा चुनौती

✍. बिनिसा गुप्ता
कक्षा : ९ 'ख'

जलवायु परिवर्तन पृथ्वीको प्राकृतिक प्रक्रियाभित्र पर्ने गतिविधि हो । पृथ्वीले सूर्यबाट जति सौर्यविकिरण प्राप्त गर्दछ त्यति नै विकिरण पुनः अन्तरिक्षमा फिर्ता पठाउँछ जसले गर्दा पृथ्वीको वायुमण्डलको तापक्रम स्थिर रहन्छ र जलवायुमा परिवर्तन आउँछ । पृथ्वीको मौसममा आएको फेरबदल नै जलवायु परिवर्तन हो । हिजोआज पृथ्वीमा मौसम परिवर्तनको क्रम दिनदिनै बदलिराखेको छ । जसकारण कुन मौसम कति बेला सुरु हुन्छ भन्न सकिँदैन । समयमा वर्षा हुँदैन, हिउँ पनि पर्दैन । कतै धेरै वर्षा र हिमपात भएर बाढी पहिरोको समस्या हुन्छ भने कतै थोरै वर्षा भएर जमिन सुक्खा अथवा खडेरी लाग्ने जस्तो समस्या हुने गर्छ ।

आज २१ औँ शताब्दीमा मानिसले विकासका लागि विभिन्न क्रियाकलाप प्रदर्शन गर्ने गर्छन् । यिनै क्रियाकलापले गर्दा वातावरण प्रदूषण भइराखेको छ । जलवायु परिवर्तन आज विश्वव्यापी समस्या बनेर उपस्थित भएको छ । आजको युगमा विकसित वा अविकसित राष्ट्र मात्र होइन हरेक राष्ट्र जलवायु परिवर्तनको समस्याबाट पिरोलिइरहेका छन् र जलवायु परिवर्तनका समस्या निराकरणको निम्ति हरेक मुलुकले आफ्ना क्षेत्रबाट ठुलै योगदान दिएका छन् । यति बेला मौसममा आफ्नो परिवर्तन र त्यसले मानव जीवनमा पारेको नकारात्मक असरको चर्चा भइराखेको छ । वनजङ्गलको विनाश, खनिज इन्धनको प्रयोग, बढ्दो सहरीकरण एवम् औद्योगिकीरण जलवायु परिवर्तनका मुख्य कारण हुन् । धेरै मानिसहरू आर्थिक क्रियाकलापका असरहरूबाट टाढा छैनन् । यसबाट गरिब तथा विपन्न वर्गहरूमा अझै ठुलो असर पर्दछ । हरियो वन कार्यक्रमले जलवायु परिवर्तनका नकारात्मक प्रभाव र जैविक विविद्यतामा हुने जोखिम घटाउने आशा राखेको छ ।

अब कहिलेसम्म हामी त्यो सगरमाथालाई हेरेर गर्वसाथ भन्ने कि म विश्वको प्रसिद्ध सगरमाथा भएको देशको नागरिक हुँ । अब कहिलेसम्म त्यो आर्कटिक सर्कलमा पाउने ध्रुवीय भालुलाई हेरेर बाँच्ने त्यो अब रहँदैन । त्यति मात्र होइन, काठमाडौँको वाग्मती नदीमा हेर्ने हो भने अस्ति भर्खर नै पैँतिस मेट्रिक टन फोहोर झिकिएको थियो । अध्ययनहरूले देखाइसकेको कुरा हो, हामी एकदमै ठुलो समय बममा बसिराखेका छौँ । त्यो अदृश्य भए पनि अनुसन्धानले भनेअनुसार नेपालको तीन ओटा मुख्य जलदरको माथि हेर्ने हो भने कोसी, गण्डकी र कर्णालीको चाहिँ एक्काइस ओटा हिमनदी फुट्न सक्ने अवस्था देखिएको छ । हाम्रो हिमालले जति पानी रोक्न सक्छन्, त्यो भन्दा बढी पानी बाफ बनेर आएका छन् । यसरी एउटा मात्र हिमताल फुट्दा साँढे पैँतालिस करोडको क्षति हुने सम्भावना अनुसन्धानले देखाएको छ ।

पछिल्लो २०० वर्षमा मिथेन, नाइट्रस, अक्साइड, कार्बनडाइअक्साइडजस्ता हरित गृह ग्यास र ओजन तह विनास गर्ने क्लोरोफ्लोरो कार्बनजस्ता अन्य विषालु ग्यासको उत्सर्जन दिन प्रतिदिन वायुमण्डलमै रोकिनाले पृथ्वीको तापक्रम वृद्धि हुँदै छ । पृथ्वीमा जलवायु परिवर्तनका कारणले सन् १९०६ देखि २००५ सम्म औसत तापक्रम ०.७४ डिग्री सेल्सियसले बढेको छ । त्यस्तै सन् १९६१ र २००३ का बिचमा समुद्रसतहमा प्रतिवर्ष १.८ मिलिमिटरले वृद्धि भएको छ र जलवायुमा आएको यस्ता परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनामा नकारात्मक असर पुगेको कुरा विभिन्न प्रमाणले पुष्टि गरेका छन् । जलवायु परिवर्तनले हिमालय लगायत मानव जीवन, सामाजिक-आर्थिक विकास, जैविक विविधता, पर्यटकीय विकास आदि क्षेत्रमा नकारात्मक असर पुऱ्याउन थालेको छ । फलस्वरूप अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुक्खाजस्ता प्राकृतिक विपद्को जोखिमसमेत बढिरहेको छ ।

हाल विश्वमा हुने हरितगृह ग्यासको कुल उत्सर्जनमा नेपालको हिस्सेदारी ०.०२५ प्रतिशत रहेको छ । विश्वमा यसको प्रभाव घटाउनका लागि हामीले सकेसम्म बढी वनजङ्गल बढाउने प्रयत्न गर्नुपर्छ । जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न र यसलाई लाभमा परिणत गर्नका लागि बृहत् रूपमा वृक्षरोपणको अभियान चलाउनुपर्छ । प्रत्येक घर र कार्यालयमा कम्तीमा एउटा रुख मात्रै रोप्न सक्ने हो भने पनि हामीले निकै धेरै लाभ हासिल गर्न सक्छौँ । त्यसैगरी सडकको दायाँ-बायाँका किनारमा वृक्षरोपण गर्नुपर्छ । त्यसो गर्न सकियो भने गाउँ र सहरको शोभा मात्र बढ्दैन, मानव स्वास्थ्यका लागि आवश्यक अक्सिजन पनि उत्पादन हुन्छ । यदि अहिलेकै गतिमा जलवायुमा परिवर्तन भइरहने हो भने प्रकृतिबाट वरदानका रूपमा पाएका सुन्दर हिमताल र नदीनाला यिनीहरू सङ्कटमा पर्ने निश्चित छ । त्यसो भयो भने हामीले निकै ठुलो ऊर्जा सङ्कटको सामना गर्नुपर्ने छ । यसैगरी विद्यालयको सम्पूर्ण तहमा वातावरण शिक्षाको पाठ्यक्रम समावेश गर्नु जरुरी छ । हरितगृह ग्यास उत्पादनमा कमी ल्याउन वैकल्पिक ऊर्जाको रूपमा पेट्रोलियम पदार्थको उपयोगमा कमी ल्याई वैकल्पिक ऊर्जाजस्तै जलविद्युत्, सौर्यशक्ति उपयोगमा वृद्धि गर्नु आवश्यक छ ।

❑❑❑

"विद्यार्थी जीवनमा अनुशासनको महत्त्व"

✍. आयुष सापकोटा
कक्षा : ७ 'ग'

अनुशासन भनेको विद्यार्थीको गहना हो । अनुशासनले विद्यार्थीलाई असल व्यक्ति बनाउने क्रममा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुशासित विद्यार्थीले नै आफू, आफ्नो बुबा, आमा, गुरु र समाजको नै मान, सम्मान र प्रतिष्ठा राखेको हुन्छ । विद्यार्थी जीवनको अनुशासनमा आफूभन्दा ठूलालाई सम्मान गर्ने, सानालाई माया गर्ने असहायलाई सहयोग गर्ने लगायतका कुराहरू पर्दछन् ।

आजका विद्यार्थीहरू भनेको भोलि देशका कर्णधारहरू हुन् । देशको भविष्य विद्यार्थीहरूकै हातमा हुन्छ । विद्यार्थीहरू अनुशासित भए देश पनि विकसित हुन्छ भने विद्यार्थीहरू अनुशासित भएनन् भने देशमा धेरै समस्याहरू सिर्जना हुन्छन् । हामी विद्यार्थीहरू आजैबाट अनुशासित भएर काम गर्यौं भने हामीले मान, सम्मान, इज्जत र प्रतिष्ठा प्राप्त गरी समाजमा सुखी तथा सुखद् वातावरणमा बस्न सक्छौं । विद्यार्थीहरू अनुशासित भए भने उनीहरू मान, सम्मान, इज्जत र प्रतिष्ठा प्राप्त गरी आफू आफ्नो परिवार, समाज र सिङ्गो राष्ट्रलाई नै विश्वमा राम्रो पक्षबाट चिनाउन सक्छन् अनुशासन नभएको विद्यार्थी आकाशमा उडेको बेलुन जस्तै हो अर्थात् लगामबिनाको घोडा बराबर हो । आकाशमा उडेको बेलुन आफूलाई जहाँ जान मन लाग्छ त्यहीँ जान्छ र कुनै एउटा ठाउँमा गएर फुट्छ । त्यसरी नै लगामबिनाको घोडा आफूलाई जहाँ जान मन लाग्छ त्यहीँ जान्छ र कुनै एउटा ठाउँमा गएर ठोकिन्छ यसरी अनुशासन नभएको विद्यार्थीले पहिला विद्यालयमा ढिलो आउने, गृहकार्य नगर्ने र शिक्षकले भनेको नटेर्ने जस्ता नराम्रा बानीव्यवहार गर्छन् जसले गर्दा ऊ भविष्यमा चुरोट खाने, रक्सी खाने, लागु पदार्थ सेवन गर्ने जस्ता खराब क्रियाकलाप गर्छ जुन हाम्रो सिङ्गो राष्ट्र वा मुलुकको लागि नै हानिकारक हुन्छ । यसर्थ हामी भन्न सक्छौं कि अनुशासन विद्यार्थी जीवनमा अपरिहार्य छ ।

अनुशासन भनेको विद्यार्थी जीवनमा मात्र नभएर मानिसको जुनसुकै कालमा चाहिने कुरा हो । अतः यो विद्यार्थी जीवनमा झन् चाहिन्छ किनभने विद्यार्थी भनेको काँचो माटो जस्तै हुन् जसरी कुमालेले काँचो माटोको प्रयोगबाट धेरै कुराहरू बनाउँछन् त्यसरी नै अनुशासनले विद्यार्थीलाई अनुशासित बनाउँछ जसले उनीहरू भविष्यमा देशका मोती बनी चम्कन्छन् । जसरी बिहानले दिन देखाउँछ त्यसरी नै अनुशासित विद्यार्थीले विकसित राष्ट्र देखाउँछ । अनुशासनले विद्यार्थीलाई असफल बनाउँदैन अर्थात् ऊ सधैं सफल हुन्छ । त्यसैले अनुशासन विद्यार्थी जीवनमा अति नै आवश्यक र महत्त्वपूर्ण भूमिका खेल्दछ ।

धन्यवाद !

❑❑❑

मेरो मनपर्ने साहित्यकार

✍. आदित्य श्रेष्ठ
कक्षा : १० 'क'

नेपालका साहित्यकार बहुमुखी व्यक्तित्व भनेर चिनिने लक्ष्मीप्रसाद देवकोटा कवि, नाटककार, निबन्धकार र अनुवादक थिए। वि.सं. १९६६ कार्तिक २७ गतेका दिन काठमाडौँको डिल्लीबजारमा जन्मिएका देवकोटाको नेपाली साहित्यमा अतुलनीय योगदान छ। उनको असाधारण साहित्यिक कौशल, गहन अन्तर्दृष्टि र भाषाको उत्कृष्ट प्रयोगले नेपाली साहित्यमा सबैभन्दा प्रभावशाली व्यक्तित्वको रूपमा उनको स्थान बलियो बनाएको छ।

१४ वर्षको कलिलो उमेरमा 'आमा र छोरा' शीर्षकको पहिलो कविता लेखेपछि देवकोटाको साहित्यिक यात्रा सुरु भएको थियो। यो प्रारम्भिक कामले उनको जन्मजात प्रतिभा प्रकट गऱ्यो र एक उल्लेखनीय क्यारियरको सुरुवातलाई चित्रित गऱ्यो । देवकोटाका कृतिहरूले देशभक्ति, सामाजिक मुद्दाहरू, आध्यात्मिकता, प्रेम र मानव अस्तित्वका जटिलताहरू लगायत विविध विषयवस्तुहरू प्रतिबिम्बित गर्दछन् ।

देवकोटाको सबैभन्दा चर्चित कृति 'मुना मदन' महाकाव्य हो। सन् १९३६ मा प्रकाशित यस पुस्तकमा मदन नाम गरेका एक युवकको कथा छ, जो आफ्नी प्यारी पत्नी मुनालाई छोडेर ल्हासाको जोखिमपूर्ण यात्रामा निस्कन्छन्। कविताले प्रेम, बलिदान र मानवीय अवस्थाका विषयवस्तुको अन्वेषण गर्दछ, यसको भावनात्मक गहिराइ र काव्यात्मक प्रतिभाले पाठकहरूलाई मोहित पार्छ । 'मुना मदन' नेपाली साहित्यको मुख्य विषय मात्र होइन, विभिन्न भाषामा पनि अनुवाद भएको छ, जसले गर्दा यसलाई विश्वव्यापी श्रोताको पहुँचमा पुऱ्याएको छ।

देवकोटाको योगदान कविताभन्दा पनि बढी छ । उनले सामाजिक मुद्दाहरू र सांस्कृतिक सूक्ष्मताहरूमा प्रकाश पार्ने अन्तर्दृष्टिपूर्ण निबन्धहरू र नाटकहरू पनि लेखे। उनको नाटक 'सुलोचना' ले नेपाली समाजमा व्याप्त लैङ्गिक भूमिकाको मान्यतालाई चुनौती दिँदै महिलाले आफ्नो व्यक्तित्व स्थापित गर्न गरेको सङ्घर्षलाई उजागर गरेको छ । मानव मनोविज्ञान र सामाजिक गतिशीलताबारे देवकोटाको गहिरो बुझाइ उनका नाटकहरूमा स्पष्ट हुन्छ, जसले उनीहरूलाई सामाजिक टिप्पणीका लागि शक्तिशाली औजार बनाएको छ।

देवकोटा आफ्ना मौलिक कृतिका अतिरिक्त विभिन्न भाषाका ख्यातिप्राप्त कृतिहरूलाई नेपालीमा उतार्न माहिर अनुवादक पनि थिए। रामायण र भगवद्गीता जस्ता शास्त्रीय कृतिहरूको अनुवादले यी कालातीत ग्रन्थहरूको संरक्षण मात्र गरेन, नेपाली भाषी जनसमुदायको पहुँचमा पनि पुऱ्यायो ।

देवकोटाको साहित्यिक उपलब्धिले उनलाई नेपाल र विदेशमा अनगिन्ती प्रशंसा र पहिचान दिलायो । उनलाई नेपाल सरकारले सन् १९५९ मा "महाकवि" को उपाधिबाट सम्मानित गरेको थियो । नेपाली साहित्यमा उहाँको योगदानले लेखकहरूको पुस्तालाई प्रेरणा दिनुका साथै राष्ट्रको साहित्यिक परिदृश्यलाई आकार दिएको छ।

लक्ष्मीप्रसाद देवकोटाको प्रतिभा उनको काव्यात्मक निपुणतामा मात्र होइन, आफ्ना शब्दहरूद्वारा पाठकको मन र मस्तिष्क छुन सक्ने क्षमतामा पनि निहित छ। उनका रचनाहरू समय र संस्कृतिका अवरोधहरू पार गर्दै जीवनका सबै क्षेत्रका मानिसहरूसँग प्रतिध्वनित भइरहेका छन् । देवकोटाको विरासत विचारलाई भड्काउने, भावनालाई प्रज्वलित गर्ने र सामाजिक परिवर्तन ल्याउने साहित्यको शक्तिको प्रमाण हो । जबसम्म नेपाली साहित्यको जगेर्ना गरिन्छ, तबसम्म लक्ष्मीप्रसाद देवकोटाको नाम अक्षरको दुनियाँमा अदम्य शक्तिको रूपमा सदा स्मरणीय रहने छ।

❑❑❑

महिला सशक्तीकरण

✍. सिद्धिका बगाले
कक्षा : १० 'ख'

महिलाहरूले निर्धक्क भएर आफ्नो जीवनसँग सम्बन्धित हरेक निर्णय आफैले गर्ने अधिकार प्राप्त गर्नुलाई महिला सशक्तीकरण भनिन्छ । हाम्रो समाजमा महिला सशक्तीकरणको महत्त्व नबुझेको देखेका छौँ । महिलाहरूको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउन र उनीहरूलाई आत्मनिर्भर बनाई उनीहरूको आत्मविश्वासलाई अझ बलियो बनाउनका लागि हामीले महिला सशक्तीकरणको महत्त्व नबुझेका र यसको बारेमा थाहा नपाएका र आफ्नो हक हितको बारेमा थाहा नपाएकालाई सचेत गराई हामीले उनीहरूलाई शिक्षा र रोजगारीको अवसर दिलाउने कार्यमा हामी सबै सहयोग गर्नुपर्छ ।

महिलाहरू सिर्जनाका शक्ति हुन् । उनीहरूले आफ्नो घर परिवार र समाजको सुख, शान्तिमा निकै ठुलो भुमिका खेलेका छन् । यस संसारमा अथवा मानव जगतमा महिला र पुरुष दुवैको स्थान रहेको हुनाले महिलाले पनि उत्तिकै अवसर पाउनुपदर्छ । कुनै पनि देशको दिगो विकासका लागि महिला नभई नहुने भएता पनि धेरै जस्ता क्षेत्रहरूमा महिलालाई हेपिएको र उनीहरूको हक छिनिएको देखिन्छ । यदि महिलाहरूले घर परिवार र समाजमा सुख शान्ति कायम राखेनन् भने कुनै पनि देशको विकास हुन सक्दैन । संसारभरि नै जतिसुकै प्रगतिशिल राष्ट्र भएपनि महिलाहरूले दुर्व्यवहार खप्दै अपहेलित र उपेक्षित जीवन बिताउँदै आएको इतिहास छ । तर धेरै जस्तो विकसित देशहरूमा महिलाहरूलाई उनीहरूको हक अधिकार दिलाएर महिला सशक्तीकरणलाई धेरै उचाइमा पुऱ्याइसकेको अवस्था छ । तर हाम्रो जस्तो देशमा यो निकै पछाडि परेको छ । नेपालमा महिलाहरूले कुल जनसङ्ख्याको आधा भन्दा बढी भाग ओगटेको भएतापनि समाजमा भएका कुरीति, विकृति, विसङ्गति, अशिक्षा, अन्धविश्वास, लैङ्गिक विभेद राजनीतिक अस्थिरताका कारण नै महिला सशक्तीकरण अगाडि बढ्न सकेको छैन । हाम्रो समाजमा अहिलेसम्म चलिरहेको विवाहपछि महिलाहरूलाई सम्पत्ति ठानी आफ्नो अधिनमा राखेर विभिन्न कारण देखाई कुटपिट गरी निर्मम हत्यासम्म गर्ने कार्य अत्यन्त अमानवीय र निन्दनीय छ । पहिल्यै देखि चलिआएका बाल विवाह, विद्यवा प्रथा, दाइजो प्रथा आदिले गर्दा नै यस्ता घटनाहरू घटिरहेका छन् । तर विडम्बना हाम्रो देशको महिलाहरू यसको विरुद्ध नगई यसलाई खपेर आफ्नो मानसिक र जैविक स्थितिलाई बिगार्दै गएका छन् र यसरी नै आफ्नो पूरा जीवन बिताई रहेका छन् । यसै कारण महिलाहरू पुरुषहरूको भरमा बसेर आफ्नो स्थान नबनाई खपेर र आफ्नो श्रीमान्को भरमा जीवन बाची रहेका छन् ।

यदि देशभरि एउटा मात्र उद्देश्य रह्यो भने देश विकास हुने प्रतिशत एकदमै कम हुने छ । हाम्रो देशमा महिलाको जनसङ्ख्या धेरै भएको फाइदा लिई हामीले पुरुष र महिला दुवैको उद्देश्यले देश विकास गर्न खोज्यौँ भने त्यो अवश्य हुने छ । तर महिलाहरूको सोच र उद्देश्यलाई जगाउन हामीले उनीहरूलाई ज्ञान र शिक्षा निरन्तर प्रदान गर्नुपर्दछ । तर महिलाको शिक्षालाई धेरै महत्त्व नदिएको हुनाले अहिले देशमा धेरै कठिन समस्याहरू आइपुगेका छन् । अहिले त नेपालको संविधानको धारा ३८ मा महिलालाई शिक्षा, रोजगारी आदिको हक पाउने अधिकार पाएका छन् । राष्ट्रिय सभाको आठओटा सदस्य प्रत्येक प्रदेशबाट र आठओटा सदस्यमा तीनवटा महिला हुनुपर्छ । राष्ट्रिय सभामा राष्ट्रपतिले चयन गरेको तीनवटा सदस्यमध्ये एउटा महिला हुनुपर्छ भनेको छ र राष्ट्रिय सभामा महिलाको सिट आश्रित गरिएका छन् । राष्ट्रिय सभामा र प्रतिनिधि सभामा महिलाको आरक्षण १/३ हुन पर्छ भनेर पनि भनिएको छ ।

महिला सशक्तीकरण नै दिगो विकासको महत्त्वपूर्ण टुक्रा हो र हामी महिला सशक्तीकरणका लागि जनचेतना फैलाई, मानिसहरू शिक्षित बनाई महिलाहरूको हक र अधिकारको विषयमा लड्न पठाउनुपर्छ र हाम्रा समाजमा हुने विभिन्न महिलाको हक विरुद्ध गएका समस्याहरूलाई अपनाउने मानिसहरूलाई कडाभन्दा कडा कारवाही दिई अब छिटै महिला सशक्तिकरणको विकास गर्नुपर्दछ । अब आउने युगमा यस्तो समस्या नआओस भन्दै आफ्नो बालबालिकालाई समेत सिकाउनु पर्छ र आफु पनि शिक्षित भएर बस्नुपर्दछ ।

❑❑❑

वातावरण प्रदूषण : समस्या र समाधान

✍. कृष्टिना शाही
कक्षा : १० 'ग'

वातावरण भन्नाले हाम्रो वरिपरिको जीव र निर्जीव वस्तुहरूलाई भनिन्छ । वातावरणले हामीलाई हामी जन्मिएको दिन देखि नै अहिले सम्म धेरै कुरा दिएको छ । जस्तै :- हामीलाई बाँच्नको लागि, खाना, पानी, बस्ने बास, सास फेर्नको लागि हावा आदि इत्यादि दिएको छ । सानो देखि नै हामी यहि वातावरणमा बढ्दै, खेल्दै, पढ्दै आएका छौँ । यो वातावरणले हामीलाई आफु सँग भए जति सबै चिज दिएको छ । तरपनि आजभोलि के भइरहेको छ भने मानिसहरूले जसले उनीहरूलाई बाँच्ने आधार दिएको छ त्यसैलाई प्रदूषण र त्यसको अस्तित्व बिगार्दै उपरहेका छन् । यदि यसरी नै वातावरण प्रदूषण हुँदै गयो भने भविष्यमा एकदिन वातावरण, मानिस र जीवजन्तु सबैको अस्तित्व गायब हुनेछ ।

अहिलेको परिवेशमा वातावरण प्रदूषण दिनानुदिन बढ्दै गइरहेको छ । सर्वप्रथम म वातावरण प्रदूषण भएर वातावरणमा भित्रिएका समस्याहरूको बारेमा छलफल गर्छु । वातावरण प्रदूषण भएको कारणले अक्सिजनको मात्रामा निकै कमि भएको छ । यसको कारण पनि मानिसले आफ्नो स्वार्थ, इच्छा र आकक्षालाई पूरा गर्न जङ्गलका रुख बिरुवाहरू फँडानी गरेर अक्सिजनको उत्पादनमा कमि भएको छ । वन जङ्गल फँडानी गरेर बस्ती निर्माणका लागि जग्गालाई प्लटिङ गरी व्यावसाय गर्न थालिएको छ । यस्तै गरि वातावरणको अर्को ठुलो समस्या खेतीपातीमा चाहिने भन्दा अत्याधिक मात्रामा रासायनिक मलको र विषादीको प्रयोग भइरहेको छ । प्राङ्गारिक मलको सट्टामा खाद्यबालीहरू छिटो बढ्ने र धेरै प्रतिफल दिने भएकोले मानिसहरू रासायनिक मलको प्रयोग गर्छन् । जसले गर्दा रासायनिक मल र विषादी माटोद्वारा पानीमा मिसिन जान्छ । फलस्वरूप पानीमा बस्ने जनावर र हामीहरूलाई पनि नराम्रो असर पर्दछ । कलकारखानाबाट निस्कने रासायनिक धुवाँ, धुलो र फोहोरले पनि हावा र वायुलाई नराम्रो असर पार्दछ । मोटरसाइकल, स्कुटर, बस, कार आदि जस्ता सवारी साधनहरूबाट निस्कने धुवाँले हामीलाई श्वासप्रश्वास प्रणालीलाई हानी गर्छ । यो सबै कुरामाथि हामी सबै जना मिलेर रोक लगाउनुपर्छ ।

हामीले यो वातावरण प्रदूषणमा अहिलेबाट नै रोक लगाएनौ भने भविष्यमा हेर्दा स्वच्छ वातावरणको विनाश हुने सम्भावना रहेको छ । हामी सबै जना मिलेर ठाँउठाउँमा "वातावरण जोगाऔँ र वालतावरणलाई स्वच्छ पारौँ" भन्ने नारा सहित विभिन्न सामाजिक सञ्जालहरू मार्फत सबैजनालाई सचेत गरौँ र गराऔँ । सकेसम्म पलाष्टिक जन्य सामानहरूको प्रयोग नगर्ने गर्नै परेपनि थोरै मात्रामा प्रयोग गर्ने । सवारी साधनहरूको पनि प्रयोग कम गर्ने, विद्युतीय सवारी प्रयोग गर्ने र सम्भव भएसम्म साइकलको प्रयोग गर्ने जसले गर्दा वातावरण को सुरक्षा हुन्छ ।

त्यस्तैगरी रासायनिक मलको सट्टामा प्राङ्गारिक मलको प्रयोग गर्ने बानी बसालौँ । जसले गर्दा माटो र पानी प्रदूषित हुनबाट जोगिन्छ । उद्योग कलकारखानाहरू मानव वस्तिबाट टाढा स्थापना गर्ने । वायु प्रदूषण हुने काम सकेसम्म कम गर्ने, सम्भवत :- नवीकरण उर्जा र स्रोतहरूमा रूपान्तरण गरौँ । मानिस र विश्वले यस समस्यालाई कम गर्न मद्धत गर्ने केहि तरिकाहरू जस्तै:- क्लिनर बर्निङ इन्धनमा पहुँच प्रदान गरेर उर्जामा थप नवीकरणीय स्रोतहरू, सरसफाइ प्रक्रियाहरू, इन्धन उत्सर्जन घटाउने उद्देश्यका लागि थाप नीतिहरू सिर्जना गर्ने हो । क्लिनर इन्धनको प्रयोग आवश्यक पर्ने नीतिहरू अपनाएका छन्, ठोस फोहोरको सङ्कलन छुट्याउने र विर्सजनमा सुधार गर्नाले जलेको वा ल्यान्डफिल्ड गरिएको फोहोरको मात्रा कम गर्न सकिन्छ । हामीले अर्गानिक फोहोर र रासायनिक फोहोरलाई छुट्याएर अर्गानिक फोहोरको कम्पोष्ट मल बनाएर खेतबारीमा प्रयोग गर्नुपर्दछ ।

अन्त्यमा वातावरण प्रदूषण दिनप्रतिदिन बढ्दै गइरहेको छ, जसको असर वातावरण, मानिस, जीवजन्तु र यो पृथ्वीमा भएको सबै कुरालाई बिस्तारै-बिस्तारै असर परिरहेको छ । जसले गर्दा मानव अस्तित्व नै सङ्कटमा पर्दै गइरहेको छ भन्ने कुरा वैज्ञानिकहरूले पनि भन्दै आइरहेका छन् । यदि हामी अहिले र भविष्यमा सुरक्षित, शान्ति र खुसीका साथ बाँच्न र जिवन जिउन चाहन्छौँ भने अहिलेबाट नै वातावरण प्रदूषणको समाधानहरूमा लागेर उपायहरूको खोजी गर्नुपर्दछ ।

❑❑❑